नेपाल सरकार
संङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

फोन:- ०१-४२००३०९

पत्र संख्या:- २०७३।७४
चलानी नं:-

सिंहदरबार, काठमाण्डौ ।

मिति: २०७३।११।१

विषय: प्रेस बिज्ञप्ति

स्थानीय निकायमा कार्यरत कर्मचारीहरुबाट बिभिन्न माग राखी यस मन्त्रालयलाई समस्या समाधान गर्न आग्रह गरिएकोमा कर्मचारी वर्गका जायज माग र देखिएका समस्या हल गर्न यस मन्त्रालयले गंभीरतापूर्वक पहल गरिरहेको जानकारी गराउन चाहन्छौं । कतिपय समस्याहरु हाल प्रचलित कानुन, नियम, कार्यविधि लगायतबाट पनि सम्बोधन हुन सक्ने अवस्थाका छन् । कतिपय माग कानुन निर्माणका बखत छलफल गरी सम्बोधन गर्ने ठाउं बांकि नै छ । सो प्रक्रिया शुरु हुंदाका बखत स्थानीय निकायको कर्मचारीहरुको सहभागिता र सुझाव लिइने नै हुंदा कर्मचारीहरुबाट शुरु गरेको आन्दोलन फिर्ता लिई काममा फर्कन मन्त्रालय हार्दिक अपिल गर्दछ । नजिकको सरकार स्थानीय निकायबाट सेवा प्राप्त गर्ने नागरिकको नैसर्गिक/मौलिक अधिकार भएको व्यहोरा समेत स्मरण गराउंदै नागरिकलाई दिने सेवा प्रवाहमा प्रभाव पार्ने कुनै किसिमका बिरोधका कार्यक्रमहरु संचालन नगर्ने/नगराउन र वार्ता/छलफलबाट समस्याको समाधान खोजिनेमा मन्त्रालयले बिश्वास लिएको छ । सबै जि.वि.स., महा/उपमहा/नगरपालिका तथा गा.वि.स.को कार्यालयहरुबाट प्रदान गरिने सेवाहरु सुचारुरुपले प्रदान गर्नुहुन मन्त्रालय सम्बद्ध सबैसंग हार्दिक आग्रह गर्दछ ।

.................................
(मदन कोइराला)
सहायक प्रबक्ता